सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष १० ♦ अंक १७ ♦ २०८३ साल असोज २९ विहिवार ♦ 15 Oct 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY
CURRENT ACCOUNT • 2337087445300018
PRABHU BANK

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

# दशैं नजिकिएसँगै गौशाला बजारमा खसीबोकाको कारोबार बढ्यो

धर्वेन्द्रकुमार यादव 'यदुवंशी'
**असोज २८ गते, महोत्तरी**

बडादसैं नजिकिएसँगै महोत्तरीको प्रमुख व्यापारिक केन्द्र गौशाला बजारमा खसी, बोका र राँगाको किनबेच बढेको छ। चाडपर्वलाई लक्षित गरी स्थानीय किसानले बिक्रीका लागि पशु बजारमा ल्याउन थालेपछि व्यापारी र उपभोक्ताको चहलपहल बढेको हो।

महोत्तरीका विभिन्न स्थानीय तहका किसानले व्यावसायिक रूपमा पालेका खसी, बोका र राँगा बिक्रीका लागि गौशाला बजारमा ल्याइरहेका छन्। दशैंको खर्च जुटाउन पशु बिक्री गर्ने किसानका लागि यो समय आम्दानीको महत्त्वपूर्ण अवसर बनेको छ।

स्थानीयका अनुसार गौशाला बजारमा खसी, बोका र राँगाको मूल्य प्रतिगोटा १० हजारदेखि ३० हजार रुपियाँसम्म रहेको छ। यहाँबाट खरिद गरिएका पशु ठूला व्यापारीले काठमाडौं, पोखरा, बनेपा र धुलिखेललगायतका सहरमा बिक्रीका लागि लैजाने गरेका छन्।

यस वर्ष गौशाला, बर्दिबास, औरही, रामगोपालपुर, सम्सी, सोनमा, मनराशिसवा र बलवा क्षेत्रका किसानले खसीबोका बिक्रीका लागि बजारमा ल्याएका छन्। दशैंमा मासुको माग बढ्ने भएकाले किसानले पनि यही समयलाई लक्षित गरी पशुपालन तथा बिक्री गर्दै आएका छन्।

गौशाला नगरपालिका-११ का दिनेश्वर महतोले दशैंका बेला खसीबोका बिक्री गर्नु किसानका लागि आम्दानीको राम्रो अवसर भएको बताउनुभयो। “हाम्रो गाउँका किसानले पनि दशैंको अवसरमा खसीबोका बिक्री गरेर आम्दानी जुटाइरहेका छन्,” उहाँले भन्नुभयो।

गौशाला उद्योग वाणिज्य सङ्घका अध्यक्ष रामराजा प्रसाद साहका अनुसार दशैंका बेला पशुको



कारोबार बढेसँगै स्थानीय बजारमा आर्थिक गतिविधि पनि बढ्ने गरेको छ। पशु खरिदबिक्रीले व्यापारिक चहलपहल बढाउनुका साथै स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन सहयोग पुऱ्याउने उहाँको भनाइ छ।

त्यस्तै, गौशाला नगरपालिका-५ का वडाध्यक्ष ओमप्रकाश गुप्ताले स्थानीय किसानले उत्पादन गरेका पशुले चाडपर्वका बेला बजार पाउनु सकारात्मक भएको बताउनुभयो। पशुपालनबाट उचित आम्दानी हुने वातावरण बनेमा किसान यस व्यवसायप्रति थप आकर्षित हुने र स्थानीय आर्थिक गतिविधिमा समेत टेवा पुग्ने उहाँले बताउनुभयो।

हिन्दू धर्मावलम्बीको प्रमुख पर्व बडादसैंमा पूजाआजा तथा बलि दिने परम्पराका कारण खसी, बोका र राँगाको माग बढ्ने गरेको छ। यही मागलाई लक्षित गरी किसान र व्यापारीले पशु खरिदबिक्री गर्ने गरेका छन्।

दशैंका बेला गौशाला बजारमा बढ्ने पशुको कारोबारले किसानलाई आम्दानीको अवसर उपलब्ध गराउनुका साथै स्थानीय व्यापार व्यवसायलाई समेत गति दिएको छ। स्थानीय उत्पादनले बजार पाउँदा पशुपालनमा संलग्न परिवारको आयआर्जनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

# सखुवाको खसीबोका बजार तीन दिन सञ्चालन हुने



खबर दर्पण समाचारदाता
**असोज २८ गते, बर्दिवास**

सखुवाको मवेसी (खसीबोका) हाटबजार तीन दिन सञ्चालन हुने भएको छ।

दसैंमा खसीबोकाको खरिदबिक्री बढेपछि धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-६ मा हाटबजारको समय बढेको हो। बजार व्यवस्थापन समितिका अनुसार दसैंका अवसरमा खसीबोका खरिद गर्ने उपभोक्ता तथा बिक्रीका लागि ल्याउने किसान र व्यापारीको सुविधालाई ध्यानमा राख्दै बिहीबार, शुक्रबार र शनिबार बजार सञ्चालन गर्न लागिएको हो।

यसअघि उक्त बजार मङ्गलबार र शनिबार गरी सातामा दुई दिन मात्र सञ्चालन हुँदै आएको थियो। बजारका ठेकेदार अनिल चौधरीले दसैंका बेला खसीबोकाको माग बढेको र खरिदबिक्री गर्नेको चापसमेत वृद्धि भएकाले बजार सञ्चालनको अवधि थप गरिएको बताए।

चाडपर्वका समयमा उपभोक्ताले आफूलाई आवश्यक खसीबोका खरिद गर्न र किसान तथा व्यापारीले सहज रूपमा बिक्री गर्न सकून् भन्ने उद्देश्यले बजार सञ्चालनको समय बढाइएको ठेकेदार चौधरीले बताउनुभयो । दसैंमा घरघरमा मासुका लागि खसीबोका खरिद गर्ने चलन छ।

सखुवास्थित मधेसी खसीबोका बजार स्थानीय किसान तथा पशुपालकका लागि उत्पादन बिक्री गर्ने महत्वपूर्ण स्थल हो । घरपालुवा खसीबोका बजारमा ल्याएर बिक्री गर्न पाउने भएकाले चाडपर्वको समयमा

बाँकी पृष्ठ ३ मा

वडा दसैंको शुभकामना

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा सम्पूर्ण जिल्ला, नगरवासी तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको

डा. दीपेन्द्र महतो
मेयर
गौशाला नगरपालिका
महोत्तरी



वडा दसैंको शुभकामना

बडा दसैंको पावन अवसरमा सम्पूर्ण प्रदेश, नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



माननीय शारदा देवी थापा
श्रम तथा यातायात मन्त्री
मधेश प्रदेश



बडा दसैं, तिहार र छठ पर्वको अवसरमा सम्पूर्ण जिल्ला, नगरवासी तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको

शुभकामना



व्यक्त गर्दछु ।



योगेन्द्र पजियार
जिल्ला सभापति
नेपाली काँग्रेस धनुषा

# कमला नदीको पुलबाट यातायात सञ्चालनको तयारी

खबर दर्पण समाचारदाता
**असोज २८ गते, बर्दिवास**

हुलाकी राजमार्गमा पर्ने कमला नदीको पुल भएर यातायात सञ्चालन गर्ने तयारी अन्तिम चरणमा पुगेको छ। आउँदो मङ्सिर अन्तिम सातादेखि कमला पुल भएर यातायात सञ्चालन गर्ने तयारी रहेको हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुर धामका प्रमुख एवं सिनियर डिभिजनल प्रमुख कृष्णकुमार महतोले जानकारी दिनुभयो। डिभिजनल प्रमुख महतोका अनुसार धनुषा र सिराहा जिल्लालाई जोड्ने कमला पुलको निर्माणका लागि २०६८ सालमा पप्पु जेभी लुम्बनी काठमाडौँसँग सम्झौता भई निर्माण सुरु भएको थियो। उक्त पुल २०७८ सालमा निर्माण सम्पन्न भई सञ्चालनको तिथिमिति नै तोकिएको थियो। उहाँले भन्नुभयो, "२०७८ साल असार १७ गते कमला नदीमा आएको बाढीका कारण पुलका दुई वटा पिल्लर भासिएपछि त्यतिबेला पुल नियमित हुन सकेन।" निर्माण कम्पनीको बिमा कम्पनीसँगको लफडाले भासिएका पिल्लर निर्माण हुन सकेको थिएन।

अहिले कमला पुल सञ्चालनका लागि भासिएको पिल्लर निमार्णको काम तीव्र गतिमा भइरहेको सिनियर डिभिजनल प्रमुख महतोले बताउनुभयो। उहाँले निर्माण कम्पनीको सक्रियता, हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालयको निरन्तरको प्रयास, धनुषा र सिराहाका जनप्रतिनिधिको पहलले पिल्लर निर्माणको काम अन्तिम चरणमा पुगेको बताउनुभयो।

कमला पुल निर्माण गरिरहेका पप्पु लुम्बिनी जेभी काठमाडौंले कमला पुलमा भासिएका दुई वटा पिल्लरमध्ये एउटा पिल्लर लाई सबलीकरण गरेको छ। बढी भासिएको पिल्लरको ठाउँमा नयाँ दुई वटा पिल्लर निर्माण गरेको हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुरधामका प्रमुख महतोले बताउनुभयो। उहाँले कात्तिकबाटै कमला पुल भएर यातायात सञ्चालनको तयारी गरिए पनि भदौमा आएको बाढीका कारण निर्माणमा प्रभाव परेकाले मङ्सिर अन्तिम साताबाट पुल भएर यातायात सञ्चालन गर्ने तयारी रहेको बताउनुभयो। कमला पुलको साइटमा खटिएका पप्पु लुम्बिनी जेभी काठमाडौँका प्रतिनिधि सूर्यप्रकाश शर्माका अनुसार



*बाँकी पृष्ठ ३ मा*

काम तीव्र गतिमा सञ्चालन भई अन्तिम चरणमा पुगेको छ। पुलबाट यातायात सञ्चालन हुने भएपछि धनुषा र सिराहाका बासिन्दा खुसी भएका छन्। कमला नगरपालिकाका नगर प्रमुख विशेश्वर यादवका अनुसार कमला पुल सञ्चालनमा आएपछि सप्तरी र सिराहाका बासिन्दा लाई मधेश प्रदेशको राजधानी जनकपुरधाम आउन सहज हुने छ भने धनुषाका बासिन्दालाई सप्तरीको राजविराज जान सहज हुने छ।

**वडा दसैंको शुभकामना**

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा हाम्रा समस्त अभिभावक, विद्यार्थी, शिक्षक तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना

विनायक अंग्रेजी आ. उच्च मा.वि.
मिथिला नगरपालिका, ढल्केवर ,धनुषा

**वडा दसैंको शुभकामना**

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा हाम्रा समस्त अभिभावक, विद्यार्थी, शिक्षक तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना

चिल्ड्रेन गार्डेन ई. बो. स्कूल
मिथिला नगरपालिका, ढल्केवर ,धनुषा

**वडा दसैंको शुभकामना**

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा हाम्रा समस्त ग्राहकबर्ग, व्यापारी तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना

प्रो. ईश्वरी अधिकारी एउड डिल्ली राज अधिकरी
रामजानकी दालमोठ उद्योग
*महेन्द्रनगर, धनुषा (परिवार)*

**वडा दसैंको शुभकामना**

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा हाम्रा समस्त अभिभावक, विद्यार्थी, शिक्षक तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना

मर्निङ्ग ग्लोरी बोर्डिङ्ग स्कूल
क्षीरेश्वरनाथ नपा-५, महेन्द्रनगर, धनुषा

**वडा दसैंको शुभकामना**

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा हाम्रा समस्त अभिभावक, विद्यार्थी, शिक्षक तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना

गंगोत्री अंग्रेजी आ.मा.वि.
क्षीरेश्वरनाथ नपा-७, हरिहरपुर, धनुषा

**वडा दसैंको शुभकामना**

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा हाम्रा समस्त अभिभावक, विद्यार्थी, शिक्षक तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना

सिस्टमेटिक इ.बो.स्कूल
क्षीरेश्वरनाथ नपा-५, महेन्द्रनगर, धनुषा

**वडा दसैंको शुभकामना**

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा हाम्रा समस्त अभिभावक, विद्यार्थी, शिक्षक तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना

श्री माध्यमिक विद्यालय सखुवाबजार
क्षीरेश्वरनाथ नपा-६, सखुवा, धनुषा

**वडा दसैंको शुभकामना**

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा हाम्रा समस्त अभिभावक, विद्यार्थी, शिक्षक तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना

रुबिज इन्टरनेशनल स्कूल
क्षीरेश्वरनाथ नपा-६, सखुवा, धनुषा

**वडा दसैंको शुभकामना**

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा हाम्रा समस्त अभिभावक, विद्यार्थी, शिक्षक तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना

ओम एकेडेमी
क्षीरेश्वरनाथ नपा-७, हरिहरपुर, धनुषा

**वडा दसैंको शुभकामना**

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा हाम्रा समस्त अभिभावक, विद्यार्थी, शिक्षक तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना

श्री सरस्वती इ.बो.स्कूल
क्षीरेश्वरनाथ नपा-५, महेन्द्रनगर, धनुषा

**वडा दसैंको शुभकामना**

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा हाम्रा समस्त अभिभावक, विद्यार्थी, शिक्षक तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना

श्री ज्ञान मन्दिर इ.बो.स्कूल
क्षीरेश्वरनाथ नपा-५, महेन्द्रनगर, धनुषा

**वडा दसैंको शुभकामना**

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा हाम्रा समस्त अभिभावक, विद्यार्थी, शिक्षक तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना

दर्शनिया एकेडेमी (डीआरएसके)
क्षीरेश्वरनाथ नपा-५, महेन्द्रनगर, धनुषा

# सखुवाको खसीबोका बजार ....

किसानलाई आम्दानी गर्ने अवसर समेत प्राप्त भएको छ।
व्यापारी महेन्द्र यादवले खसीबोका बिक्री वितरण कार्यले बजार चलायमान भएको बताए। बजार थप तीन दिन सञ्चालन हुँदा खसीबोका खरिदबिक्रीका लागि उपभोक्तालाई समयको छनोट हुने तथा किसान र व्यापारीलाई बिक्री व्यवस्थापन गर्न सहज हुने अपेक्षा गरिएको छ।
दसैं नजिकिँदै जाँदा खसीबोका खरिद गर्ने उपभोक्ताको चहलपहल बढेको छ। यो अवधिमा स्थानीय पशुपालक किसान, व्यापारी तथा अन्य व्यवसायीलाई समेत लाभ पुग्ने अपेक्षा गरिएको छ ।
दसैंमा खसीबोकाको माग उच्च रहने भएकाले बजारमा खरिदबिक्री सहज बनाउनुका साथै उपभोक्ताले उचित मूल्यमा खसीबोका खरिद गर्न पाउने वातावरण बनाउनुपर्ने आवश्यकता छ ।
बजारको व्यवस्थापन र व्यवस्थित कारोबारले किसान तथा व्यापारीलाई आफ्नो उत्पादन बिक्री गर्न र उपभोक्तालाई आवश्यक सामग्री खरिद गर्न सहयोग पुग्ने देखिन्छ।

# सामाजिक सञ्जालमा आपत्तिजनक अभिव्यक्ति र धाकधम्कीपूर्ण भिडियो पोस्ट गरेको आरोपमा एक युवक पक्राउ

**खबर दर्पण समाचारदाता**
**असोज २८ गते, बर्दिवास**

सामाजिक सञ्जाल टिकटकमा हिंसा फैलाउन उक्साउने, गालीगलौज गर्ने तथा विभिन्न व्यक्ति, समुदाय र संगठनलाई लक्षित गरी आपत्तिजनक अभिव्यक्ति र धाकधम्कीपूर्ण भिडियो पोस्ट गरेको आरोपमा धनुषा प्रहरीले एक युवकलाई नियन्त्रणमा लिएको छ ।
जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार लक्ष्मीनिया गाउँपालिका-१ निवासी अन्दाजी २० वर्षीय राजु यादवलाई प्रहरीले नियन्त्रणमा लिएको हो ।
सामाजिक सञ्जालमा क्रियाकलापका कारण 'क्रिमिनल' नामले चिनिने यादवलाई प्रहरीले असोज २७ गते राति करिब ११ बजे जनकपुरधाम उपमहानगर पालिका-९ बाट नियन्त्रणमा लिएको जनाएको छ ।
प्रहरीका अनुसार यादवले सामाजिक सञ्जाल टिकटकमार्फत समाजमा हिंसा फैलाउन प्रेरित गर्ने, विभिन्न व्यक्ति, समुदाय तथा संगठनको मर्यादामा आँच पुग्ने गरी गालीगलौज गर्ने, आपत्तिजनक शब्द प्रयोग गर्ने तथा धाकधम्की दिने प्रकृतिका भिडियोहरू पोस्ट गरेको पाइएको छ ।
दवमाथि प्रचलित कानुनअनुसार कारबाही प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।
यसैबीच, सामाजिक सञ्जालको दुरुपयोग गरी हिंसा फैलाउन उक्साउने, गालीगलौज गर्ने तथा व्यक्ति, समुदाय र संगठनलाई लक्षित गरी आपत्तिजनक सामग्री पोस्ट गरेको आरोपमा अन्य चार जनामाथि समेत अनुसन्धान भइ रहेको प्रहरीले जनाएको छ ।
जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले सामाजिक सञ्जालमार्फत आपत्तिजनक सामग्री पोस्ट गर्ने व्यक्तिहरूमाथि अनुसन्धान तथा कानुनी कारबाही भइरहेको जानकारी दिएका छन् ।




जन्म दिनको हार्दिक शुभकामना

यस खबर दर्षण पत्रिकाका उपसम्पादक तथा शिरीप संचार समूहका महोतरी प्रतिनिधि धर्वेन्द कुमार यादव यदुवंशीका सुपुत्र सुप्रभात अधिकारीको बुधवार परेको जन्मदिनको अवसर मा दिर्घायुको हार्दिक मंगलमय शुभकामना

*अजय साह*
*प्रकाशक /सम्पादक*

खबर दर्पण राष्ट्रिय दैनिक परिवार

वडा दसैंको शुभकामना

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा हाम्रा समस्त अभिभावक, विद्यार्थी, शिक्षक तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना

क्षीरेश्वर जनता उच्च मा.वि.
क्षीरेश्वरनाथ नपा-५, महेन्द्रनगर, धनुषा

वडा दसैंको शुभकामना

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा हाम्रा समस्त ग्राहकबर्ग, व्यापारी तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना

***प्रो. - हेमशंकर साह***
शिवा आयरण स्टोर्स
महेन्द्रनगर, धनुषा

वडा दसैंको शुभकामना

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा हाम्रा समस्त ग्राहकबर्ग, व्यापारी तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना

सत्य आयरण स्टोर्स/बि.के. ट्रेडिङ्ग कन्सर्न तथा पशुपती पेन्टस् बजार
*महेन्द्रनगर, धनुषा*

वडा दसैंको शुभकामना

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा हाम्रा समस्त ग्राहकबर्ग, व्यापारी तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना

***प्रो. - पुल्कित ठाकुर***
पवन इन्जिनियरिङ्ग वर्क शोप
*महेन्द्रनगर, धनुषा (परिवार)*

वडा दसैंको शुभकामना

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा हाम्रा समस्त ग्राहकबर्ग, व्यापारी तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना

जानकी केबुल इन्डस्ट्री
*महेन्द्रनगर, धनुषा (परिवार)*

वडा दसैंको शुभकामना

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा हाम्रा समस्त ग्राहकबर्ग, व्यापारी तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना

प्रो. ललित साह
*न्यू शिव स्टोर्स एण्ड*
*क्षीरेश्वर आयल स्टोर्स*
*महेन्द्रनगर, धनुषा*

वडा दसैंको शुभकामना

बडा दसैं, तिहार र छठ पर्वको अवसरमा हाम्रा समस्त ग्राहकबर्ग, व्यापारी तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना

कसमस सिमेन्ट उद्योग
(तेज सिमेन्ट)
*मिनपा-२, नक्टाझिज- बेलाचापी, धनुषा (परिवार)*

बडा दसैं २०८३ को शुभकामना




बडा दसैं २०८३ को सुखद अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

यहाँ विहे, बर्तमन, पार्टी, तालिम, गोष्ठी, सेमिनार गर्नको लागि राम्रो वातानुकुल हलको व्यवस्था हुनुको साथै प्रयाप्त स्थान र खानापानको राम्रो व्यस्था छ।
विएनबी होटेल, पार्टी प्यालेस, महेन्द्रनगर धनुषा
प्रो. विनयकुमार साह, मोबाइल नं. ९८१२१५४८३२

# दसैंतिहार नजिकिँदै गएपछि महोत्तरीका बजारमा बढ्यो चहलपहल

खबर दर्पण समाचारदाता

**असोज २८ गते, बर्दिवास**

दसैँ, तिहार तथा छठ पर्व नजिकिएसँगै महोत्तरीको गौशाला सहित जिल्लाका बजार हरुमा किनमेल गर्ने सर्वसाधारणको चहलपहल बढ्न थालेको छ ।

चाडपर्वका लागि आवश्यक लत्ताकपडा, खाद्यान्न, जुत्ताचप्पल, पूजा सामग्री लगायतका वस्तु खरिद गर्ने ग्राहकको सङ्ख्या बढेपछि बजार मा चाडपर्वको रौनक देखिन थालेको हो ।

जलेश्वर, गौशाला, बर्दिवास, र ामगोपालपुर लगायत जिल्लाका मुख्य बजार क्षेत्रका किराना, तयारी पोसाक, जुत्ताचप्पल, इलेक्ट्रोनिक्स तथा अन्य पसलमा पछिल्ला दिनमा ग्राहकको आवागमन बढेको व्यवसायीले बताएका छन् । ग्रामीण क्षेत्रबाट समेत चाडपर्वका लागि आवश्यक सामग्री खरिद गर्न सर्वसाधारण शहर आउन थालेका छन् ।

फैसन स्टोर्स कपडा पसलका सञ्चालक सुजित यादवले बजार मा ग्राहकको चाप बढेसँगै दसैं नजिकिएको अनुभूति हुन थालेको बताउनुभयो । “अहिले जुत्ताचप्पल र कपडा खरिद गर्ने ग्राहकको सङ्ख्या बढेको छ । चाडपर्व नजिकिएसँगै व्यापार व्यवसाय पनि बढ्दै गएको छ,” उहाँले भन्नुभयो ।

दसैंका लागि नयाँ कपडा, जुत्ता, खाद्यान्न तथा पूजासामग्री खरि द गर्नेको भीड बजारमा बढेको छ । विशेषगरी परिवारका सदस्यका लागि नयाँ लत्ताकपडा खरिद गर्ने ग्राहकको सङ्ख्या बढेको व्यवसायीको भनाइ छ । बजारमा चाडपर्व लक्षित सामग्रीको माग बढेसँगै पसलमा विभिन्न नयाँ डिजाइनका कपडा तथा जुत्ताचप्पलसमेत भित्र्याइएको छ ।

वर्दिवास उद्योग वाणिज्य संघका अध्यक्ष दिपक कार्कीका अनुसार चाडपर्वलाई लक्षित गरी विभिन्न कम्पनी तथा व्यवसायीले उपभोक्तालाई आकर्षित गर्न छुट तथा उपहार योजना सार्वजनिक गरेका छन् । अध्यक्ष कार्कीले मोबाइल, टेलिभिजन, फ्रिजलगायतका इलेक्ट्रोनिक्स सामग्री तथा मोटरसाइकल र अन्य सवारीसाधनमा समेत दसैं विशेष छुट र उपहार योजना ल्याइएको बताउनुभयो । उहाँले यस्ता अफरले बजारमा ग्राहकको आकर्षण थप बढाएको व्यवसायी बताउनुभयो ।

यसैगरी दसैंमा बढी खपत हुने खाद्यान्न तथा मासुजन्य वस्तुको कारोबारसमेत बढ्न थालेको छ ।

महोत्तरीको गौशाला बजार र धनुषाको सखुवा बजारमा खसी-बोका खरिद विक्री गर्ने व्यापारी , किसान र उपभोक्ताको भीड हुने गरेको छ। चाडपर्वका लागि ग्रामीण क्षेत्रबाट समेत खसी-बोका बिक्रीका लागि बजारतर्फ किसानहरुले ल्याउन थालिएका छन् । ग्रामिण भेगका किसानहरुले यहि खसी बोका विक्री गरेर दसैंको किनमेल गरेर लाने गरेका छन् ।



व्यवसायीका अनुसार चाडपर्वको मुख्य किनमेलको समय नजिकिँदै जाँदा बजारमा ग्राहकको चाप अझ बढ्नेछ । दसैँअघि नै अधिकांश परिवारले कपडा, खाद्यान्न, घरायसी सामग्री तथा पूजासामग्री खरिद गर्ने भएकाले आगामी दिनमा व्यापार बढ्ने उनीहरूको अनुमान छ ।

यता उपभोक्ताले भने चाडपर्वको समयमा बजारमा मूल्य वृद्धि हुनसक्ने भन्दै सम्बन्धित निकायले बजार अनुगमनलाई प्रभावकारी बनाउनुपर्ने माग गरेका छन् । गौशाला नगरपालिका ५ का युवा कमलेश महतोले दैनिक उपभोग्य वस्तुको मूल्य, गुणस्तर तथा म्यादको नियमित अनुगमन गर्नुपर्ने बताउनुभयो ।

दसैँतिहारको किनमेलले बजार चलायमान बनाएसँगै स्थानीय व्यापार व्यवसायमा समेत सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ । लामो समयदेखि सुस्त रहेको व्यापारमा चाडपर्वको मौसमले गति दिने व्यवसायीको विश्वास छ ।


शुभकामना

हिन्दुहरुको मान चाड
विजयादशमी,शुभ दिपावली तथा
छठ पर्वको शुभ उपलक्ष्यमा सम्पुर्ण नगरवासी एवं देश तथा
विदेशमा रहनु भएका सम्पुर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा
सुख,समृद्धी,सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगति र उन्नतिको लागि हार्दिक
मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

शिक्षामा लगानी ल्याउछ सुनौलो
बिहानी



विशेश्वर प्रसाद यादव
अध्यक्ष
सोनमा गाउपालिका
एवं समस्त गाउपालिका परिवार



शुभकामना

हिन्दुहरुको महान चाड विजयादशमी,शुभ दिपावली तथा छठ पर्वको
शुभ उपलक्ष्यमा सम्पुर्ण नगरवासी एवं देश तथा विदेशमा रहनु
भएका सम्पुर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा
सुख,समृद्धी,सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगति र उन्नतिको लागि
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

गाउघरलाई सफा र स्वच्छ राखौ ।
चर्पीमा मात्र दिसा पिसाव गरौ ।
बालबालिकालाई अनिवार्य विद्यालय पठाऔ ।
शिक्षा दिएर असल नागरिक बनाऔ ।



संजिव कुमार साह
नगर प्रमुख
भंगहा नगरपालिका
एवं समस्त नगरपालिका परिवार



बडा दसैं, तिहार र छठ पर्वको अवसरमा सम्पूर्ण जिल्ला, नगरवासी तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको

हार्दिक मंगलमय
शुभकामना



व्यक्त गर्दछु ।



हरिप्रसाद मण्डल
मेयर
मटिहानी नगरपालिका
महोत्तरी



बडा दशैं को शुभकामना

विजयादशमी तथा शुभ दीपावली को उपलक्ष्यमा
सम्पूर्ण नेपाली दाजु भाई तथा दीदी बहिनीमा
सुख शान्ति समृद्धि तथा उत्तरोत्तर प्रगति को लागि
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु



प्रहलाद कुमार क्षेत्री
मेयर
बर्दिवास नगरपालिका महोत्तरी


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्केन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,